# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) हेटौंडा, नेपाल, वैशाख १७ गते, २०८३ साल (सङ्ख्या ०१

## भाग २

### बागमती प्रदेश सरकार

## संस्कृति तथा पर्यटन मन्त्रालय

### हेटौंडा, नेपालको

## सूचना

**त्रिभुवन पार्क सञ्चालन तथा व्यवस्थापन समिति (पहिलो संशोधन)**

**(गठन) आदेश, २०८३**

**प्रस्तावनाः** त्रिभुवन पार्क सञ्चालन तथा व्यवस्थापन समिति (गठन) आदेश, २०८२ लाई समसामयिक संशोधन गर्न वाञ्छनीय भएकाले,

प्रदेश पर्यटन ऐन, २०७८ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "त्रिभुवन पार्क सञ्चालन तथा व्यवस्थापन समिति (पहिलो संशोधन) (गठन) आदेश, २०८३" रहेको छ।

(२) यो आदेश प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **त्रिभुवन पार्क सञ्चालन तथा व्यवस्थापन समिति (गठन) आदेश, २०८२ को दफा ४ मा संशोधनः** त्रिभुवन पार्क सञ्चालन तथा व्यवस्थापन समिति (गठन) आदेश, २०८२ (यसपछि मूल आदेश भनिएको) को दफा ४ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) पच्चिस वर्ष उमेर पूरा भएको,"

३. **मूल आदेशको दफा ७ मा संशोधनः** मूल आदेशको दफा ७ को उपदफा (१) को खण्ड (ढ) पछि देहायका खण्ड (ण) र (त) थपिएका छन्ः-

"(ण) समितिको उद्देश्य पूर्तिका लागि आवश्यक स्रोत जुटाउने,

(त) प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने, गराउने।"

४. **<u>मूल आदेशको दफा १४ मा संशोधनः</u>** मूल आदेशको दफा १४ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) समितिले प्रदेश सरकारले अपनाए बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।"

**आज्ञाले,**
**दिपेन्द्र सुवेदी**
**प्रदेश सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू. ५।-